Educational Journal
May, 2024, Volume-3, Issue-1
DOI: https://doi.org/10.3126/ej.v3i1.82054
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Bhaktapur

# नेपाली भाषा शिक्षकको पहिचानमा समस्या

*राजन ढुङ्गाना*
शिक्षण सहायक, नेपाली शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
*rajandhungana2072@gmail.com*

## लेखसार

*प्रस्तुत लेख संस्थागत विद्यालयमा अध्यापनरत नेपाली भाषा शिक्षकको पहिचानमा भाषिका समस्याසँग सम्बन्धित छ । यस लेखको उद्देश्य नेपाली भाषा शिक्षकले भोग्नुपरेको चुनौती र समस्यारूको खोजीगर्नु रहेको छ । यो अनुसन्धान गुणात्मक अध्ययन विधि अन्तर्गत न्यारेटिभ ढाँचामा आधारित छ । यस अध्ययनको लागि उद्देश्यमूलक नमुना छनोट विधिद्वारा उत्तरदाताको चयन गरिएको छ । प्रस्तुत अनुसन्धानबाट नेपाली विषय शिक्षकले अन्य विषय शिक्षकले पाउने जति समान सम्मान र मूल्यको साटो प्रशासनको नजरबाट कमजोर विषय शिक्षकको रुपमा उपेक्षित हुनु परेको, नेपाली भाषालाई दोस्रो भाषाका रुपमा हेर्ने गरिएको, नेपाली भाषा शिक्षकले अन्य विषय शिक्षक सरह समान पारिश्रमिक र सुविधाबाट बञ्चित हुनुपरेको, अङ्ग्रेजी भाषालाई प्राथमिकता दिनाले नेपाली भाषाको अवमूल्यन गरिएको साथै विद्यार्थी, अभिभावक, स्कुल प्रशासन सबैको नजरमा नेपाली भाषा शिक्षक कमजोर जस्तो देखिन बाध्य हुनु परेको जस्ता समस्याका साथै सधैं दबाबमा परेर पनि आफ्नो कर्तव्यबाट विमुख हुन नसकिएको, त्यसैले नेपाली भाषा शिक्षकलाई आफ्नो विषयगत पहिचानमा चुनौती पूर्ण अवस्था रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत लेखले सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषय क्षेत्रप्रति रुचि राख्ने सरोकारवाला सम्पूर्णमा अपेक्षित सहयोग पुर्याउने विश्वास गरिएको छ ।*

***मुख्य शब्दावली*** *: भाषा शिक्षण, भाषिक सिप, शिक्षण पेसा, शिक्षण समस्या ,सस्थागत विद्यालय*

## विषयप्रवेश

भाषा शिक्षण गर्ने व्यक्ति भाषा शिक्षक हो । अन्य शिक्षकको दाँजोमा भाषा शिक्षकको भूमिका र जिम्मेवारी फरक र चुनौतीपूर्ण हुन्छ । भाषाले भाषा साहित्य र ज्ञान विज्ञानका सबै क्षेत्रलाई बहन गर्दछ । शैक्षणिक दृष्टिले विषयगत ज्ञान, सिप, विधिलाई केन्द्रमा राखी विधागत विविधता, शब्दभण्डार तथा ब्याकरणगत धारणालाई भाषा शिक्षकले विशेष ध्यान पुर्याउनु पर्ने हुन्छ (अधिकारी, २०५०,पृ.३) । तसर्थ भाषा शिक्षण सिपमूलक विषय हो । भाषिक सिप मूलतः दुईवटा छन् : ग्रहण वा आदानात्मक सिप र अभिब्यक्ति वा प्रदानात्मक सिपका रूपमा रहेका हुन्छन् । ग्रहण भित्र श्रुति र पठन सिप पर्दछन् भने अभिब्यक्ति भित्र वाक् र लेखन सिप पर्दछन् । भाषिक सिपहरु प्रशस्त अभ्यासका माध्यमले परिष्कृत हुदै जाने हुँदा भाषालाई कलाका रुपमा लिइन्छ । भाषा शिक्षण भाषिक सिपको शिक्षण हो । त्यसैले भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ । भाषिक सिप प्रमुख प्रमुख हुन्छ । भाषा शिक्षण विषय वस्तु शिक्षण नभएर विषयवस्तु ब्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो, (पौडेल, २०७३ पृ.२ ) ।

भाषा शिक्षणमा सैद्धान्तिक ज्ञानलाई कमै महत्व दिइन्छ । यसमा बोध र अभिब्यक्ति प्रयोग सन्दर्भलाई जोड दिइएको हुन्छ । भाषा शिक्षण साहित्य शिक्षण होइन तर भाषा शिक्षणमा साहित्यिक विधाको प्रयोग गरिन्छ । साहित्यका विविध विधामा प्रयुक्त शैली वा तरिकाले भाषाका विभिन्न सिप र पक्षलाई सहयोग पुग्छ (पौडेल र शर्मा, २०६० पृ १७७) । त्यसैले भाषा शिक्षणमा विषयवस्तु शिक्षणलाई कम प्राथमिकता दिइन्छ । पौडेल (२०६७) का अनुसार भाषा सामाजिक वस्तु हो र विविध सामाजिक प्रकार्यहरुका निम्ति यसको उपयोग हुन्छ ,त्यसैले भाषाशिक्षण गर्नु भनेको पनि

तिनै सामाजिक प्रकार्यपरक आवश्यकता परिपूर्ति गर्ने ध्येयले भाषाको सम्प्रेषणात्मक सामर्थ्य हासिल गराई विविध भाषिक प्रकार्यहरुमा सबलता र सक्षमता दिलाउनु हो,( पृ.८१) । नेपालमा प्राय: सबै विषयको शिक्षणमा नेपाली भाषा माध्यम रहि आएको छ । त्यसैले भाषाको शिक्षण सिकाइ प्रभावकारी हुनुपर्छ । ज्ञान विज्ञानका नयाँनयाँ प्रयोग,अनुभव र प्राप्तिलाई जनतासम्म पुर्याउन नसकेसम्म विकासको अनुभूति हुन सक्दैन । विकासको गतिलाई अग्रगति दिन भाषाले उल्लेख्य भूमिका वहन गरेको हुन्छ ।

अधिकारी (२०६३) ले नेपाली भाषा शिक्षकले आफू भाषा शिक्षक भएकै कारणले अपहेलित हुनुपरेको निष्कर्ष निकालेका छन् । यसै गरी श्रेष्ठ (२०६५) का अनुसार नेपाली भाषा शिक्षक भएकै कारण पेशागत असुरक्षा तथा पारिश्रमिकमा विभेद जस्ता समस्याहरु भोग्नुपरेको छ । उक्त अध्ययनबाट नेपाली भाषा शिक्षकको समस्याहरुको मात्र पहिचान गरिएको र चुनौतीहरुको खोजी नगरिएको कारणले गर्दा यस अध्ययनका माध्यमबाट नेपाली भाषा शिक्षकले भोग्नुपरेको समस्याका साथसाथै चुनौतीहरुको खोजी गर्ने जमर्को गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य संस्थागत विद्यालयमा अध्यापनरत नेपाली भाषा शिक्षकको पहिचानमा समस्या र चुनौतीहरु पहिचान गर्नु रहेको छ । त्यसै गरी प्रस्तुत अनुसन्धेय विषयले भाषा शिक्षकको पहिचानमा समस्या र चुनौतीहरुको पहिचान गर्ने भएकाले यस विषयसँग सम्बद्ध सरोकारवालाहरुका लागि प्रत्यक्ष वा परोक्ष रूपमा यस किसिमका अध्ययन अनुसन्धानका लागि सहयोग पुऱ्याउनेछ ।

यो अध्ययन संस्थागत विद्यालयमा अध्यापनरत नेपाली भाषा शिक्षकले भोग्नुपरेका समस्या र चुनौतीहरुमा मात्र सीमित रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक अध्ययन विधि अन्तर्गत कथात्मक खोज ढाँचामा आधारित छ । यस अध्ययनको लागि उत्तरदाताको छनोट उद्देश्यमूलक नमुना छनोट विधिद्वारा गरिएको साथै सैद्दान्तिक धारणाका लागि पुस्तकालयीय कार्य मार्फत् कार्य सम्पन्न गरिएको छ ।

आफू नेपाली भाषा शिक्षक भएका कारण नेपाली भाषा शिक्षकको समस्यालाई समस्याको रुपमा चयन गरिएको हो । त्यसै गरी यस अध्ययनमा उत्तरदाताको रूपमा नोट गर्नुको कारण उहाँसग मेरो विगत पन्ध्र वर्ष अगाडिदेखि नै चिनजान थियो जोसँग मैले एउटा संस्थागत विद्यालयमा सँगै अध्यापन गरेको थिएँ । त्यसकारण उनलाई यस अनुसन्धानको उत्तरदाता चयन गर्ने निर्णय गरी भेट्ने समय मिलाएको थिएँ । त्यसपछि मैले २०८१ को दशैं बिदामा फोनमा कुरा गरेर भेट्ने समय मिलाएको थिएँ पहिलो भेटमा चिया गफबाट नै मेरो अनुसन्धानको समस्याको बारे सुनाउदा नै खोजे अनुसारको जानकारीको प्राप्ति हुने आशा पलाएको थियो किनकि पहिलाबाट चिनजान भएको कारण उनले सहज रुपमा आफ्नो पेसा कार्य क्षेत्र, जीवनको उतारचढावबारे खुलेर सुखदुखको आदानप्रदान गरी स्थिति अझ सामान्य भएको थियो । यसक्रममा असंरचित प्रश्नहरु सोध्दै उत्तरदाता शिक्षकबाट सोधिएका प्रश्नको उत्तर प्राप्त गर्न थालियो । शिक्षकले पनि खुलेर उत्तर दिनथाले । शिक्षकले दिएका उत्तरलाई घरमा आएर कपीमा सारियो । फेरि अर्को पटक पनि भेट्ने समयको लागि फोन गर्दा घरमै भेट्न आउनू भनेर बोलाए । म पनि अझ आफ्नो काममा सहजता भएको अनुभूति गरेर उनकै घरमा गएको थिएँ । केही समयमा उनको कार्य क्षेत्रको बारेमा कुराकानी सुरु गरियो उनका धेरैजसो उत्तर शब्दशब्दमै उतारियो भने कतियप उत्तर पदावलीमा अनि कतिपय उत्तरचाहिं वाक्यमा टिपियो । मैले खोजेको उत्तर प्राप्त भएको जस्तो लागे पछि उनीसँगको दोस्रो बसाँइबाट अन्तर्वार्ताको अन्त्य गरेको थिएँ । त्यसपछि ल्याएको उत्तरलाई लिप्यन्तरण गरियो । त्यसपछि विषयअनुसार कोडिङ् गरियो ।

मिल्दाजुल्दा कोडहरुलाई एकत्रित गरेर थिम निर्माण गरेपछि प्रत्येक थिमलाई उपशीर्षक बनाउँदै उत्तरका आधारमा अध्ययन विश्लेषण गर्दै लेखनपुनर्लेखन साथ यो अनुसन्धानात्मक लेख तयार पारिएको छ । त्यसैले प्रस्तुत लेख मौखिक तथ्यको लेखन गरेपछि यसलाई २० वटा कोडिङ गरी ६ वटा खण्ड खण्डमा छुटयाएर २ ओटा थिम निर्माण गरेर विश्लेषण गर्दै तयार पारिएको हो । त्यसै गरी अनुसन्धानमा विचार पुर्याउनुपर्ने नैतिक एवम् मूल्यगत आवश्यकता जानकारी सहितको स्वीकृति, गोपनीयता, सहभागीसँगको विश्वास र सम्बन्ध, हानीबाट सुरक्षा एवम् दोहोरो सहयोगलाई पनि यस लेखका क्रममा कार्यान्वयन र पूर्ण रुपमा पालन गरिएको छ ।

## छलफल र निष्कर्ष

यस अध्ययनबाट प्राप्त सूचनाहरुलाई उद्देश्यका आधारमा क्रमशः मुख्य थिम र सहायक थिम गरी निम्न अनुसार प्रस्तुत गरिएको छ :

### नेपाली विषय शिक्षकप्रति विद्यालय र समाजको हेर्ने दृष्टिकोण

#### *विद्यालय प्रशासन र समाजबाट उपेक्षा*

कमजोर विषय शिक्षकका रुपमा विद्यालय प्रशासनबाट नेपाली भाषा शिक्षकलाई उपेक्षा गरेको पाइन्छ । शिक्षकलाई उपेक्षामा पारिनुको कारण नेपाली भाषालाई अति सरल मानेर शिक्षण सिकाइमा बढी सामान्य ठान्नु हो । सजिलो विषयका रूपमा नेपाली विषय रहेको छ । यिनै कारणले विषय शिक्षकलाई उपेक्षा गरेको पाइन्छ । तथापि शिक्षकको पेसागत विकासअन्तर्गत गोष्ठी, बैठक, कार्यशाला, बहस, तालिम, अन्तरवैयक्तिक सम्बन्ध, परामर्श सेवा, व्यावसायिक तथा पेसागत अनुसन्धान लेखन, इमेल र इन्टरनेटको प्रयोग, प्रभावकारी सञ्चार, शैक्षिक निकायहरूबाट प्रकाशन गरिने न्युजलेटर, जर्नल, ब्रोसर, स्मारिकाको अध्ययन जस्ता विषयहरू पर्दछन् (शैक्षिक तालिम केन्द्र, २०६६, पृ. १९) । यी विविध प्रकारका ज्ञानलाई आर्जन गरेर शिक्षण क्रियाकलाप सम्पन्न गरेमा शिक्षण सिकाइ प्रभावकारी बन्न सक्ने देखिन्छ । यसै सन्दर्भमा मेरो उत्तरदाता शिक्षकले भने, “प्रशासनबाट नेपाली त हो नि ! नेपाली विषयको लागि पनि तालिम चाहिन्छ र ?.नेपाली पढाउन पनि के तालिम ? भन्ने प्रश्न हुन्छ । ” यसरी नेपाली शिक्षकलाई तालिम आवश्यक नपर्ने तर्क प्रस्तुत गर्दै नेपाली विषय शिक्षण सम्बन्धी विभिन्न निकायबाट आयोजना गरिने तालिम कार्यक्रममा समेत सहभागिताको अवसरबाट बञ्चित गरिएको पाइन्छ । त्यसै गरी उनी भन्छन् “कमजोर विद्यार्थीले मात्र नेपाली विषय अध्ययन गरेको हुन्छ भन्ने सोच ले नेपाली विषय र विषय शिक्षकले हेपाई सहन विवश हुनु परेको छ ।” तसर्थ नेपाली विषय शिक्षकले अन्य विषय शिक्षकले पाउने जति समान सम्मान र मूल्यको अवधारणा विकासको साटो प्रशासनको नजरबाट कमजोर विषय शिक्षकको रुपमा उपेक्षित भएको पाइन्छ ।

त्यसै गरी दोस्रो भाषाका रुपमा नेपाली भाषलाई राखेर संस्थागत विद्यालयमा हेर्ने गरेको पाइन्छ । अङ्ग्रेजी भाषालाई पहिलो प्राथमिकता र नेपाली भाषालाई दोस्रो भाषाका रुपमा राखेर पठन पाठन गराउने भएकाले नेपाली शिक्षकलाई दोस्रो दर्जाको शिक्षकको रुपमा लिने गरेको पाइन्छ । यस सम्बन्धमा शिक्षक भन्छन् “नेपाली भाषाको प्रयोगलाई सकेसम्म विद्यालय परिसरमा बन्देज लगाउन खोज्ने र हामीलाई काम नलाग्ने विषय पढाउने शिक्षकको दर्जामा राखिएको छ।” तसर्थ भाषाको बन्देजको कारणले पनि कमजोर दोस्रो दर्जाको शिक्षकका रुपमा हेर्ने गरेको भन्ने ठम्याइ छ । मेरो उत्तरदाता पुनः थप्छन् “ स्कुलमा नेपाली बोल्न नपाइने, बोलेमा जरिवाना तिर्नु पर्ने बाध्यात्मक स्थिति प्रशासनले निर्माण गरेको छ ।” त्यसकारण यो भन्न सकिन्छ कि विद्यालय प्रशासन स्वयम् नेपाली भाषा केही हैन, यो जान्नु आवश्यक छैन, अङ्ग्रेजी भाषालाई प्राथमिकताका साथ संस्थागत विद्यालय भित्र नेपाली भाषा बोलेमा विभिन्न प्रकृतिका दण्ड, सजाय गर्ने गरिन्छ त्यसैले नेपाली विषय र विषय शिक्षकलाई विभिन्न क्षेत्रबाट उपेक्षा गर्नुका साथै नेपाली भाषालाई पनि दोस्रो भाषाका रुपमा हेर्ने गरेको देखिन्छ । नेपाली भाषा विषयलाई समाजबाट उपेक्षा गरेको पाइन्छ । समाजमा सबै वर्गले सजिलै कामकाजको भाषाका रुपमा लिइने र सजिलो विषयसमेत मानिने हुनाले पनि नेपाली भाषा र विषय शिक्षकलाई समाजबाट नै उपेक्षा गरेको पाइन्छ । यसै सन्दर्भमा मेरा उत्तरदाता बताउछन् “नेपाली भाषा शिक्षकलाई ए, नेपाली सर पो !” यसरी नेपाली विषय शिक्षकलाई समाजले हेर्ने दृष्टिकोण नकारात्मक रहेको छ । त्यसै गरी उत्तरदाता भन्छन् “ए पास मात्र भयौ, डिभिजन आएन, मास्टर त भइहालिन्छ नि, अरु विषयमा नभए पनि नेपाली विषयका मास्टर त भै हाल्छौ नि !” यसप्रकार नेपाली विषय र शिक्षकलाई हेयात्मक रुपमा हेर्ने प्रचलन रहेको छ । यसका साथै नेपाली भाषा विषय र विषय शिक्षकलाई अत्यन्तै कमजोर विषय र कमजोर विषय शिक्षकका रुपमा हेरी समाजबाट नै उपेक्षा गरेको पाइन्छ । म नेपाली शिक्षक भन्दा नै ए नेपाली विषय शिक्षक पो भनेर हेय दृष्टिले हेरिन्छ । यसरी हाम्रो समाजले हेर्दा त नेपाली शिक्षक जस्तो देखिन्न भन्दै भिन्नै प्रकृतिको कमजोर दृष्टिकोणबाट तुलना गरेको पाइन्छ । समग्रमा हेर्दा विद्यालय परिसरका साथै समाजमा समेत नेपाली शिक्षकले विभिन्न हेयात्मक तथा नकारात्मक टिप्पणी सुनिरहनु परेको पाइन्छ ।

### पारिश्रमिक र पेसागत मूल्याङ्कनमा असमानता

नेपाली भाषा शिक्षक अन्य विषय शिक्षक सरह समान पारिश्रमिक र सुबिधाबाट बञ्चित रहेको पाइन्छ । यस्तो असमानताले शिक्षकको कार्य क्षेत्रप्रतिको मोह घट्दै जाने पेसामा नै समस्या आउन सक्ने देखिन्छ । शिक्षकलाई

पर्याप्त आर्थिक र प्रोत्साहनात्मक सेवा सुविधा नदिंदा कम प्रतिष्ठाको विषय ठान्ने स्थिति आउन सक्छ । यस सम्बन्धमा मेरा उत्तरदाता शिक्षक भन्छन् "जीवन चलाउननै धौ धौ र आतेस लाग्दो छ अरु विषय शिक्षक भन्दा कम तलवमा चित बुझाउनु परेको छ अरु डिमाण्डएबल विषय रे हाम्रो नर्मल भनेर भन्छन्" त्यसकारण यी भनाइलाई समान शैक्षिक क्षमता, श्रम बराबर तर पारिश्रमिकमा विभेद रहेको पाइन्छ । नेपाली शिक्षकहरुको पारिश्रमिक र पेसागत मूल्याङ्न अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षकहरुको तुलनामा कमजोर मान्ने गरेको पाइन्छ । त्यसै गरी पारिश्रमिकका असमानताले नेपाली विषय शिक्षकहरुको मनोबललाई कमजोर पार्दै असन्तुष्टिको तह बढाउँदै लगेको देखिन्छ । साथै पेसाको कुरा गर्ने क्रममा उनी भन्छन् "अन्यौलमा सुरु गरेको पेसा हो ,दुःखमा यो कत्रो खुसी दिने पेसा थियो अहिले खाऊँ कि छोडौको अबस्था आएको छ ।" यो कुराबाट के देखिन्छ भने शिक्षक पेसाले जीवन चल्न सक्ने अवस्था छैन कुनै अवसरको खोजिमा लाग्न बाध्य हुनु पर्ने अवस्था रहेको कारण पारिश्रमिकमा विभेद हो भन्ने पाइन्छ । यस सम्बन्धमा रोसिटा, सन् २०१६) ले शिक्षकको पेसागत विकासमा प्रभाव पार्ने व्यक्तिगत प्रभावक र विद्यालयको वातावरणीय तत्त्वहरूलाई प्रमुख रूपमा औंल्याइएको छ । व्यक्तिगत प्रभावकअन्तर्गत कार्यमा संलग्नता, उत्प्रेरणा, पेसागत प्रतिबद्धताका साथै पेसाकर्मीको कार्यक्षमतालाई उल्लेख गरिएको छ भने विद्यालयको वातावरणीय तत्त्व अन्तर्गत विद्यालयले उपलब्ध गराउने सेवा सुविधा र अवसरले शिक्षकको पेसागत विकासमा प्रभाव पार्ने कुरा उल्लेख गरिएको छ । त्यसैले विद्यालयले उपलब्ध गराउने सेवा सुविधा र अवसरले शिक्षकको पेसागत विकासमा प्रभाव पार्ने भएता पनि धेरैजसो निजी विद्यालयहरूमा नेपाली भाषा शिक्षकहरूलाई न्यून पारिश्रमिक दिइन्छ जुन अन्य विषयका शिक्षकहरूसँग तुलना गर्दा असमान देखिन्छ । जुन बढ्दो महँगी र जीवनयापनको लागि समयानुसार अपर्याप्त रहेको पाइन्छ । यसले उनीहरूलाई आफ्नो परिवारको आधारभूत आवश्यकता पूरा गर्नसमेत धौ-धौ परेको देखिन्छ । यस सम्बन्धमा शिक्षक भन्छन् " विज्ञान, गणित वा अंग्रेजी पढाउने शिक्षकहरूले निजी ट्युसन वा कोचिङ सेन्टरबाट अतिरिक्त आय आर्जन गर्ने अवसर पाउँछन् तर नेपाली भाषाका लागि ट्युसनको माग न्यून हुँदा हाम्रा लागि अतिरिक्त आयको स्रोत लगभग शून्यप्रायः हुन्छ ।" यस प्रकार अपर्याप्त सुविधा र प्रोत्साहन भत्ता, अतिरिक्त क्रियाकलाप, साहित्य-सम्बन्धी कार्यक्रम सञ्चालन वा विद्यार्थीका लामा लेख-रचना परीक्षण गरेबापत कुनै अतिरिक्त प्रोत्साहन वा भत्ताको व्यवस्था हुँदैन । यसले उनीहरूलाई पेसाप्रति उदासीन बनाएको पाइयो । आर्थिक समस्यासँगै सामाजिक दृष्टिकोणले पनि नेपाली भाषाका शिक्षकहरूले चुनौती भोगिरहेका छन् ।

शिक्षकलाई पर्याप्त आर्थिक र प्रोत्साहनात्मक सेवा सुविधा नदिंदा पेसालाई नै कम प्रतिष्ठाको विषय ठान्न थालेका छन् । प्रोत्साहनात्मक सेवा सुविधाको सवालमा शिक्षक भन्छन् " बाध्यतामा रोजेको पेसा हो । सरकारीमा तलव बढ्दा हाम्रो जहाँको त्यहीँ हो, जीवन निर्वाहमूखी छैन,अर्को विकल्प पनि छैन।" त्यसैले शिक्षकको यो भनाइले कामप्रतिको उत्साहमा ह्रास ल्याएको देखिन्छ । अतः आफ्नो शिक्षण सिकाइको उच्चतम क्षमता प्रस्तुत गर्ने वातावरण नरहेको असन्तुष्टि पाइनुका साथै पेसागत समानताको खोजी गरेको देखिन्छ ।

### अङ्ग्रेजी भाषालाई प्राथमिकता नेपाली भाषाको अवमूल्यन

संस्थागत विद्यालयमा अङ्ग्रेजी भाषालाई मुख्य प्राथमिकतामा राखेर अध्यापन गराउने गरेको पाइन्छ । नेपाली भाषालाई दोस्रो भाषाका रुपमा र अङ्ग्रेजी भाषालाई पहिलो प्राथमिकता दिने भएकाले नेपाली शिक्षकहरु दबाबमा छन् । विद्यार्थीलाई अङ्ग्रेजी बोल्न प्रेरति गरिने तर नेपाली बोल्दा सजाए गर्ने परिपाटीले नेपाली भाषा शिक्षणमा समस्या उत्पन्न गरेको छ । यसै गरी विषयको अवमूल्यन र समाजमा अङ्ग्रेजी भाषा मोह व्याप्त छ । अभिभावक र विद्यालय प्रशासनसमेत नेपाली भाषालाई अनिवार्य तर कम महत्त्वपूर्ण विषयका रूपमा हेर्छन् । विज्ञान र गणित जस्ता विषयलाई दिइने प्राथमिकता र सम्मान नेपाली भाषाले पाउँदैन । यसै विषयलाई लिएर सहभागी शिक्षक भन्छन्:

> नेपाली भाषाको पाठ्यक्रम अझै पनि सैद्धान्तिक र घोकाउने शैलीमा आधारित छ । सिर्जनात्मक र प्रयोगात्मक शिक्षणका लागि आवश्यक लचकता र स्रोतको अभाव छ । विद्यालयहरूमा नेपाली साहित्यका राम्रा पुस्तकहरू, पुस्तकालय, सन्दर्भ सामग्री, श्रव्य-दृश्य सामग्री वा कम्प्युटरमा नेपाली फन्ट र सफ्टवेयरको सहज उपलब्धता छैन । यसले शिक्षणलाई नीरस र प्रभावहीन बनाएको छ ।

यस धारणाका आधारमा हेर्दा अन्य विषय समान स्थानमा भाषा शिक्षणलाई पनि सिर्जनात्मक र प्रयोगात्मक शिक्षणका लागि आवश्यक लचकता र स्रोतको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । पुनः यस सम्बन्धमा उत्तरदाता शिक्षकका भन्छन् "विद्यार्थीलाई प्रभावकारी रुपमा लेपाली भाषा सिकाउने प्रयास गर्दा पनि विद्यालयले अङ्ग्रेजी

बोल्न बाध्य बनाउने हुँदा शिक्षकको भूमिकामा समेत अनावश्यक द्वन्द्व सिर्जना भएको छ ।" यसले शिक्षकलाई पेसागत परिचयमा समेत असर पुर्‍याउँने संकेतका साथै उनीहरुलाई दोस्रो प्राथमिकता प्राप्त शिक्षकका रुपमा अवमूल्यन  गरिएको पाइन्छ । यसले अङ्ग्रेजी भाषाको मोह बढ्दै गएको यस परिप्रेक्ष्यमा नेपाली भाषाको महत्व घट्दै गएको देखिन्छ । यस सन्दर्भमा शिक्षक भन्छन् "धेरै अभिभावक आफ्ना छोराछोरीलाई नेपालीभन्दा अंङेग्रजीमा दक्ष बनाउन उत्सुक छन् । त्यसकारण नयाँ पुस्ताले नेपाली भाषालाई सहज रुपमा बोल्न, लेख्न वा पढ्न सक्ने क्षमता गुमाउँदै गएका छन ।" त्यसैले नेपाली साहित्य र संस्कृतिमा चासो राख्नेहरुकमा संख्या दिनदिनै घटिरहेको छ । नेपालका ठूला सहरहरुमा नेपाली भाषा ग्रामिण वा पछौटेपनको संकेतको रुपमा हेरिने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यस्तो सोचले गर्दा नेपाली भाषा मात्र हैन हाम्रो पहिचान र संस्कृति पनि संकटमा परेको छ । तसर्थ अङ्ग्रेजी भाषालाई प्राथमिकता नेपाली भाषाको अवमूल्यन गरिएको पाइन्छ ।  त्यसै गरी नेपाली भाषा र भाषा शिक्षकलाई समाजले प्रमुख प्राथमिकता र स्थानमा राखेको पाइदैन । साथै विद्यालमा र कक्षा शिक्षणका क्रममा भोग्नुपरेको अनुभव मेरा उत्तरदाता शिक्षक  यसरी सुनाउछन् :

> कक्षा बाहिर विद्यालय प्रशाासन तथा अभिभावक समतेले अङ्ग्रेजी भाषालाई प्राथमिकता दिने आफूलाई गौण मान्न बाध्य पारिनुका साथै नेपाली भाषा शिक्षकलाई दोस्रो दर्जाको मानेर हेर्ने दृष्टिकोणले हाम्रो आत्मसम्मानमा पनि नकारात्मक प्रभाव पारेको छ । यसैगरी विद्यार्थीमा पनि  प्राथमिता विहीन भाषा हो भन्ने मानसिकता निर्माण हुदै गइको छ । उनीहरुले पनि नेपाली भाषाप्रतिको रुची गुमाउँदै गएको र शिक्षण झन् कठिन बन्दै गएको अवस्था छ ।

यी भनाइबाट के बुझिन्छ भने विद्यार्थीहरुले दैनिक जीवन सञ्चालनका क्रममा अग्रेजी भाषालाई अग्रभागमा राखेर प्रयोग गर्ने  तर नेपाली भाषाको उचित प्रयोय गर्नु पर्ने महत्व बुझेको पाइदैन । यसकारण पनि शिक्षकले कक्षामा मात्र नेपाली भाषालाई प्रोत्साहन गर्दा विभिन्न चुनौतीहरुको सामना गर्नु परेको देखिन्छ । विद्यार्थीमा नेपाली भाषाको आधारभूत ज्ञानको कमी हुनुका साथै सम्बादमा पनि कमी देखा पर्नुले उनीहरुमा भाषा प्रवाह र ब्याकरणीय त्रुटि बढ्दै जाने  जसलाई सुधार्न शिक्षकले नै थप मेहनत गर्नु पर्ने दखिन्छ ।

## निष्कर्ष

नेपाली भाषा शिक्षकहरुले संस्थागत विद्यालयमा भाषीक कारण  विभिन्न चुनौती र समस्या भोग्दै आइरहेको पाइएको छ । यस अध्ययनमा संस्थागत विद्यालयमा अध्यापनरत नेपाली भाषा शिक्षकसँग विभिन्न चरणमा अन्तर्वार्ता गरी उनीहरुका मनका कुरा ल्याएर चुनौती र समस्या पहिचान गरिएको छ ।

प्रस्तुत अध्ययनले संस्थागत विद्यालयहरूमा कार्यरत नेपाली भाषा शिक्षकहरू गम्भीर पेशागत, पहिचानगत तथा मनोवैज्ञानिक समस्याहरूबाट गुज्रिरहेको निष्कर्ष निकालेको छ ।  विद्यालय प्रशासन, समाज र अभिभावकहरूले समेत अङ्ग्रेजी भाषालाई सामाजिक प्रतिष्ठा र विश्वव्यापी अवसरको पर्याय ठान्दै अत्यधिक प्राथमिकता दिँदा राष्ट्रभाषा नेपाली र यसका शिक्षकहरू उपेक्षित र अवमूल्यित हुन पुगेका छन् । अध्ययनका अनुसार नेपाली विषयलाई "कमजोर" र "सजिलो" विषयका रूपमा हेरिनु, विद्यालय परिसरमा नेपाली बोल्न बन्देज लगाइनु र अन्य विषयका शिक्षकको तुलनामा कम पारिश्रमिक तथा सुविधामा चित्त बुझाउनु पर्ने जस्ता विभेदकारी अभ्यासहरू संस्थागत रूपमै मौलाएका छन् ।

यी कारणहरूले गर्दा नेपाली शिक्षकहरूमा पेसाप्रति असन्तुष्टि, आत्मसम्मानमा कमी र पहिचानको सङ्कटट जस्ता गहिरो मनोवैज्ञानिक असरहरू देखिएका छन् जसले उनीहरूमा पेशागत नैराश्यता बढाउँदै शिक्षण पेसाबाटै पलायन हुने अवस्था सिर्जना गरेको छ । अङ्ग्रेजी भाषाको बढ्दो मोहले गर्दा विद्यार्थीहरूमा पनि नेपाली भाषाप्रतिको रुचि, मौलिक ज्ञान र दक्षता निरन्तर घट्दै गएको छ जसले शिक्षण कार्यलाई थप चुनौतीपूर्ण बनाएको छ । समग्रमा यो अध्ययनले नेपाली भाषा शिक्षकहरू चौतर्फी दबाबमा रहेको उनीहरूको पेसागत मर्यादा र पहिचान गम्भीर सङ्कटमा परेको र यसले अन्ततः हाम्रो राष्ट्रिय पहिचान, साहित्य र संस्कृतिको आधारस्तम्भकै भविष्यमाथि गम्भीर प्रश्न खडा गरेको तथ्यलाई उजागर गरेको छ । तसर्थ यो केवल पेसागत मात्र नभई गम्भीर राष्ट्रिय सरोकारको विषय हो, जसमा सम्बन्धित निकायले तत्काल नीतिगत हस्तक्षेप गरी भाषिक समानता र शिक्षकको सम्मान सुनिश्चित गर्न ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

**सन्दर्भसामग्री**

अधिकारी, हेमाङगराज (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओभ्ता, रामनाथ र अन्य (२०६९), *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषाशिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

खनाल, पेशल (२०८१),*शैक्षिक अनुसन्धान पद्धति,* (चौथो संस्क.), सनलाइट पब्लिकेसन ।

तिमिल्सेना, शिवप्रसाद (सन २०२०), शिक्षकको पेसागत विकासका अवधारणा र यसका सम्बद्ध पक्ष, इन्टर डिसिपलनरी रिसर्च इन एजुकेसन,५(१-२) १६९-१८६ ।

दाहाल, द्रोण (२०६२ : २५-३१), नेपाली भाषा शिक्षण र लेखाइ सिपको विकास, शिक्षा, भक्तपुर : पाठयक्रम विकास केन्द्र ।

भुसाल, केशव (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा, दिपक (२०७०), शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयनका विद्यमान चुनौतीहरू, शिक्षक शिक्षा, ११, १०७-११५ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), *शिक्षक शिक्षा,* भक्तपुर : शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र